# तपाईंको कुकुरको स्याहार सुसार गर्न

## तपाईंको कुकुरले तपाईंलाई प्रत्येक दिन के भन्न खोजिरहेको हुन्छ ?

- म बाचुन्जेलसम्म मलाई माया र राम्रो व्यवहार गर्नुहोस् । म तपाईंको सबैभन्दा राम्रो साथी बन्न सक्छु ।
- मलाई स्वतन्त्रपूर्वक खेल्न र डुल्न दिनुहोस् । यदि मलाई बाँध्नै परे खान र डुल्न व्यवधान नहुने किसिमले बाँध्नुहोस्



## कुकुर पाल्नुभन्दा पहिले तपाईंले के सोच्नुपर्छ ?

१. के मसँग प्रशस्त ठाउँ छ ? हरेक कुकुरलाई व्यायामको लागि प्रशस्त ठाउँको आवश्यकता पर्दछ ।

२. के मसँग प्रशस्त पैसा छ ? कुकुरहरुको हेरचाह महँगो हुन्छ । कुकुर पाल्नुभन्दा पहिले सोंच्नुहोस् ।

३. के मसँग प्रशस्त समय छ ? मान्छेजस्तै कुकुरहरु पनि समय र रेखदेख चाहन्छन् ।

४. कुन कुकुर मेरो परिवारको लागि उपयुक्त हुन्छ ?

धेरै मान्छेहरु महँगो कुकुर लिन चाहन्छन् । स्थानीय mixed-breed कुकुरहरु राम्रो पाल्तु बन्न सक्छन् - स्थानिय कुकुरका गुणहरु धेरै चलाख र सुरक्षात्मक, साधारणतया स्वस्थ र राम्रोसँग स्थानीय अवस्थामा घुलमिल हुन सक्छन् । नेपाली हुनुमा र नेपाली कुकुर पाल्नुमा गर्व गर्नुहोस् ।

## तपाईंको कुकुरलाई प्रत्येक दिन के चाहिन्छ ?

### १. खाना

- प्रोटिन, चिल्लो, कार्बोहाइड्रेट, खनिज र भिटामिन (जस्तै बोडी, मासु, भात, रोटी, सागसब्जी सबै मिश्रण गरी पकाइएको) सहितको सन्तुलित भोजन । यदि तपाईंले सोया, अण्डा र चिजहरु भोजनमा थप गरेमा कुकुरहरु स्वस्थ साकाहारी हुन सक्छन् । यदि तपाई एक बिरामी र बेखुशी कुकुर चाहन्नु हुन्न भने कुकुरहरु दीर्घकालिन रोगबाट ग्रसित नभएको हकमा बाँकी रहेका खाना मात्र नभई कच्चा, मासु भएको हड्डी, ताजा खाना र ख्याती प्राप्त ब्राण्डबाट उत्पादित सुख्खा र



प्याकेटका खानाहरु दिनुपर्छ । प्याकेटको खाना दिँदा लेखिएको निर्देशन अनुसार दिनुपर्छ र सुख्खा खाना खुवाएपछि तुरुन्तै पानी उपलब्ध गराउनुपर्छ ।

- खाना खाईसकेपछि दाँत सफा गर्न र गिँजाको मांशापेसी सुधारको लागि ठूला हड्डीहरु चपाउन दिन सकिन्छ तर त्यस्ता हड्डीहरु daily food बाहेक extra खानाको रुपमा दिनु पर्छ। माछा र कुखुराको साना हड्डीहरु कुकुरका लागि हानिकारक हुन सक्छन् ।
- छाउरा छाउरीहरु (६-८ हप्ताभन्दा बढीका) लाई दिनको ४ पटक खानाको आवश्यकता पर्दछ । ती प्रत्येक खानाको परिमाणमा वृद्धि गर्दै ६ महिनामा क्रमश: दिनको दुईपटक खाना खुवाउने गर्नुपर्छ ।
- खानाको लागि कचौराहरु छुट्याउनुहोस् । कचौराहरु दिनदिनै पखाल्नुहोस् ।
- पानीको कचौराहरु सधैं सफा गर्ने र पानी सधैं फेर्ने गर्नुपर्दछ । (कचौरामा बाँकी रहेको पानीमा माथिबाट थप्ने मात्र गर्नुहुँदैन) कुकुरलाई चौबिसै घण्टा पानी उपलब्ध गराउनुपर्छ ।

## २. अन्य



नाम

तपाईको कुकुरको नाम राख्नुहोस् र विशेषत: तालिममा नाम प्रयोग गर्नुहोस् जसले गर्दा कुकुरले भनेको मान्ने गर्छ ।

वासस्थान

जाडोमा आरामदायी, तातो र सुख्खा अनि गर्मीमा छायाँ र हावादार । अनावश्यक ब्याक्टेरीया र परजीवीबाट कुकुरलाई बचाउन खोर हप्ता हप्ता दिनमा सफा गर्ने गर्नुहोस् ।

खेल्न

कुकुरलाई खेल्न अत्यन्त आवश्यक छ । तिनीहरुलाई खेलौना (बल, पुराना पेटी आदि तर निल्न सक्ने खालका भने होइन) दिनुहोस् ।

व्यायाम

तपाईको कुकुरलाई दिनको २ पटक ३० मिनेटको लागि हिडाउनुहोस् ।

तालिम

तपाईको आदेश (जस्तै उभिन, बस्न, आउन आदि) मान्ने बनाउन कुकुरलाई तालिम दिनुहोस् । जब कुकुरले भनेको मान्छ तब खुशी आवाजमा राम्रो कुकुर भन्नुहोस् । कुकुरलाई अंगालो मार्नुहोस् वा सानो पुरस्कार (बिस्कुट, मासुको सानो टुक्रा) दिनुहोस् । कुकुरले भनेको नमानेमा ठूलो आवाजमा नकराउनुहोस् अर्थात नहिर्काउनुहोस् । कुकुरलाई नचाहेको व्यवहार गर्दा नकारात्मक सुझावभन्दा राम्रो व्यवहारको



लागि सकारात्मक पुरस्कार दिनु उपयुक्त हुन्छ । कुकुरले तपाईलाई खुशी र गर्विलो देख्न चाहन्छ । रिसाएको देखेमा उ पनि डराएर रिसाउन सक्छ ।



पेटी

कुकुरको गर्दनमा बाँध्ने पेटीमा तपाईको ठेगाना र फोन नं. लेख्नुहोस् वा सानो ट्याग झुण्ड्याइदिनुहोस् । पेटी अत्यन्त कसिलो नबनाउनुहोस् । बाँधेको पेटीमा तपाईको तीनवटा औंला छिर्नेगरी खुकुलो बनाउनुहोस् ।

छालाको पट्टी

कुकुर हिडाउँदा वा तालिममा लैजादा छालाको पट्टी लगाईदिनुहोस् । घाँटीमा र गर्दनमा दबाब नपार्न कवच/बख्तर प्रयोग गर्नु उत्तम हुन्छ ।

परजीवी विरुद्ध उपचार

नेपालमा प्रायजसो पाल्तु जनावरहरु किर्ना, उपिंया, जुकाजस्ता आन्तरिक र बाह्य परजीवीबाट ग्रसित हुन्छन् । तपाईको कुकुरलाई प्रत्येक ३ महिनामा ५० mg/kg परिमाणको किराको औषधी दिई जुकाबाट हुने सम्भावित संक्रमणबाट मुक्त पार्नुहोस् । नेपालमा पशु चिकित्सकहरुले छाउरा/छाउरीका लागि Wormazole – SD र ठूला कुकुरहरुको लागि Ehliquantel ट्याबलेट प्रयोग गर्न सल्लाह दिन्छन् । यदि तपाईले आफ्नो कुकुरमा उपिँया र किर्ना देखेमा उपिँया मार्ने पाउडर प्रयोग गर्नुहोस् अर्थात् तपाईको कुकुरलाई उपिँया विरुद्धको स्याम्पूले नुहाइदिनुहोस् । तपाईले पशु चिकित्सकले दिएका किर्ना, उपिंया विरुद्धको पेटी अथवा आयातीत दीर्घकालीन परजीवी विरुद्धको औषधी पनि प्रयोग गर्न सक्नुहुन्छ । जुकाको औषधीपशु चिकीत्सकको सल्लाह मा खुवाउनु वेस हुन्छ ।

खोप/टीका

कुकुरको जीवन जोखिममा पर्ने रोगहरुबाट बचाउन निरन्तर खोपको आवश्यक पर्दछ । तपाईको पशु चिकित्सकले तपाईलाई खोप कार्ड, तालिका र मितिहरु उपलब्ध गराउँछन् ।

| कुकुरको उमेर | खोपको प्रकार |
|---|---|
| ३० दिन | Deworming |
| ४५ दिन | ६ मध्ये १ (Distemper, Para-virus, Hepatitis, Leptosporasis, Para-influenza) |
| २, ५ महिना | Booster |
| ३ महिना | Anti-Rabies |
| प्रत्येक १/२ वर्ष | Anti-Rabies |
| प्रत्येक ३ महिना | Deworming |

# तपाईंको कुकुरलाई सफा राख्नको लागि

ब्रसिङ्ग

छाला र भुत्ला राम्रो अवस्थामा राख्न तपाईंको पाल्तु जनावरको भुत्ला नरम ब्रसले दैनिक ब्रस गर्नुहोस् । कानको पछाडि र वरिपरी अनी पेट, पुच्छर र खुट्टामा पनि हल्का ब्रस गर्नुहोस् । वर्षको एकपल्ट वा दुईपल्ट कुकुरको भुत्ला मिलाएर कोरिदिनुहोस् र भुत्ला प्रशस्त कोरीदिनुहोस् । छाला नाङ्गो भएमा वा चिलाउने आएमा पशु चिकित्सकसँग भेट गर्नुहोस् ।

नुहाउनु

तपाईंको कुकुर फोहोर देखिएमा वा दुर्गन्धित भएमा नुहाईदिनुहोस् । पटक-पटक नुहाइदिनाले कुकुरको छाला सुख्खा हुन्छ (महिनाको एक पटक पर्याप्त हुन्छ) जाडोमा कुकुरलाई घरभित्र नुहाईदिनुहोस् र टावेलले सुख्खा पारिदिनुहोस् । चिसोबाट बच्न उसलाई घाममा वा हिटरको नजिक छाडिदिनुहोस् । गर्मीमा कुकुरलाई बाहिर नुहाइदिन सक्नुहुन्छ । मान्छेको लागि प्रयोग गरिने स्याम्पू कुकुरको छालाको लागि उपयुक्त नहुन सक्छ । फेस सोप जस्तै high Oil Soap वा पशु पसलमा पाइने विशेष कुकुरको स्याम्पू प्रयोग गर्नुहोस् । स्याम्पू आँखामा नपरोस् र पानी कानमा छिर्न नदिने कुरामा पनि विचार पु-याउनुहोस् । कुकुरलाई मन तातो पानीले नुहाईसकेपछि सबै स्याम्पू पखाल्न पानीले सफा गर्नुहोस् । सुख्खा टावेलको प्रयोग गर्नु राम्रो हुन्छ ।



# तपाईंको कुकुरमा यी मध्ये केही लक्षण देखिएमा तुरून्त पशु चिकित्सकलाई भेट्नुहोस् ।

- कम भोकाएमा, निरन्तर छादेमा, तौल कम हुँदै गएमा
- डराउने र अध्यारो ठाउँमा लुकेमा
- पिसाबमा रगत देखिएमा, आउँ परेमा, दिसामा रगत देखिएमा
- पेट फुलेमा वा दुर्गन्धित दिसा गरेमा
- मुख, नाक र आँखाबाट न्याल/पानी काडेमा
- निरन्तर खोकेमा
- खु ामा चिलाउने (कन्याउने) वा टोक्ने गरेमा - छाला परिवर्तन वा सुख्खा भएमा
- हरपल टाउको हल्लाएमा वा कान कोतारेमा

## तपाईले के गर्नुहुदैन ?

- फोहोरमा खाना खोज्न कुकुरलाई एक्लै नछाड्नुहोस् ।
- थोरै समयको लागि भएपनि तातो दिनमा पार्क गरिएको गाडिमा झ्याल, ढोका बन्द गरेर कुकुरलाई नछाड्नुहोस् ।
- कुकुरलाई छोटो सिक्रीले नबाँध्नुहोस् र पानी बिना घाम लागेको वा चिसो ठाउँमा नबाँध्नुहोस् ।
- कुकुरलाई रातमा अनावश्यक भुक्न नदिनुहोस् । कुकुर किन भुकेको हो ? बाहिर गएर हेर्नुहोस् र उसलाई शान्त पार्नुहोस् । कुकुरको भुकाईले तपाईलाई डिस्टर्व नगरेपनि अरुलाई डिस्टर्व गरेको हुनसक्छ ।
- अपरिचित कुकुरहरु (विशेषगरी छाउरा/छाउरी भएका) नजिक जाँदा सावधान् रहनुहोस् ।
- सबै भन्दा उपयुक्त भनेको कुकुरलाई बाधेर नपाल्नुहोस् ।



## यी अवस्थाहरू आउन नदिन तपाईको कुकुरको बन्ध्याकरण गर्नुहोस् ।

- अनिश्चित गर्भाधारण
- टाढा भाग्न, हराउन र सडकमा दुर्घटना हुन
- गर्भधारण र प्रसवबाट हुने समस्याहरु र रोगहरु
- सम्पर्क समयमा हुने आक्रामक व्यवहार
- सम्पर्क समयमा तपाईको क्षेत्रमा अनावश्यक सडक कुकुरको आगमन
- सडक कुकुरको संख्या वृद्धि

## के मैले पनि आफ्नो घरपालुवा जनावरलाई बन्ध्याकरण गर्नुपर्छ ?

पर्छ । तपाईंले पनि आफ्नो घरमा भएको घरपालुवा जनावरलाई बन्ध्याकरण गर्नुपर्छ र यो एकदमै आवश्यक र महत्वपूर्ण कुरा हो । किनभने यसले तपाईंको कुकुरलाई स्वस्थ राख्नुका साथै रिसाह् बनाउँदैन । यो घरमा सबै जनासँग मिलनसार भएर बस्छ । कुनै किसिमको क्यान्सर वा ट्युमर आदि जस्ता रोग लाग्दैन । साथै यसले जथाभावी बच्चा पाउँदैन। हाम्रो अध्ययन अनुसार बच्चा नपाउने सुईको प्रयोगले पछि कुकुरहरूलाई क्यान्सरजस्ता रोग लाग्ने संभावना हुन्छ । त्यसैले यसको प्रयोग नगर्नु नै राम्रो हुन्छ ।

## मैले आफ्नो घरपालुवा जनावरलाई बन्ध्याकरण कहाँ गर्ने ?

यदि तपाईंले कुकुर पाल्नु भएको छ भने तपाईंको पनि दायित्व वा कर्तव्य हुन्छ कि तपाईंको कुकुर निरोगी र स्वस्थ रहून् । यसको लागि तपाईंले आफ्नो नजिकको भेटनरी क्लिनीक वा अस्पतालमा सम्पर्क राखी डाक्टर वा चिकित्सकको सल्लाहअनुसार आफ्नो कुकुरको बन्ध्याकरण गराउन सक्नु हुन्छ ।

## कुकुर र मालिक बीचको सम्बन्ध

कुकुर र मालिक बीचको विषेश सम्बन्ध दुवै पक्षको आपसी विश्वासको आधारमा विकसित हुन्छ । यो बन्धनको शुरुवात कुकुर घरमा प्रवेश गराएको क्षण देखि शुरु भई बाँचुन्जेल रहन्छ । कुकुर /मालिकको सम्बन्धको शुरुवात गर्ने उत्तम समय छाउरा जन्मेको ७ देखि १२ हप्ता भित्र हुन्छ । यो समय छाउरालाई आमाबाट छुटाइ मानिसहरुसँग घुलमिल गराउने पनि उत्तम समय हो । छाउरालाई ७ हप्ताको समय नभइ आमाबाट छुटाउनु हुँदैन । यदि छुटायो भने छाउराले आमाबाट प्राप्त गर्ने धेरै शिक्षाबाट बञ्चित हुन्छ । यदि १२ हप्ता पछि सम्म छाउरालाई आमाको साथ राखेमा उसको स्वभाव स्वतन्त्र र गैह्र-जिम्मेवारी तर्फ ढल्किन्छ ।







## कृपया तल उल्लेखित कुराहरू नगर्नुहोला

- कुकुरहरूको उत्पादन वा प्रजनन (ब्रिडीङ) नगर्ने ।
- विदेशबाट कुकुरहरू नल्याउने वा नभित्राउने ।
- गाँऊ वा अन्य जिल्लाबाट कुकुरहरू नल्याउने ।
- बच्चा वा वीरामी कुकुरहरूलाई गल्लीमा नछोड्ने आदि ।



## सहयोगको लागि तपाईंको भूमिका

- सर्वप्रथम तपाईंले पालेको कुकुरको राम्ररी स्याहार सुसार गर्ने, समयमा खोप लगाउने, केही समस्या देखेमा नजिकको भेटनरी पसलमा सम्पर्क गर्ने । तपाईंको घरको कुकुरको साथ-साथै सडकका कुकुरहरूले पनि उत्तिकै सुरक्षा पाउने अधिकार भएकाले उनीहरूमा पनि केही समस्या देखा परेमा सम्बन्धित कार्यालयमा सम्पर्क गरिदिनु होला ।
- आफ्नो कुकुरलाई स्वस्थ र निरोगी राख्नका लागि त्यसको बन्ध्याकरण गर्नुहोस् ।
- आफूले जानेको बुझेको कुरा आफन्त र अन्य साथीहरू माझ सुनाउने गरौं ।
- तपाईंले स्वयम्सेवकका रूपमा हामीलाई सहयोग गर्न सक्नु हुनेछ जस्तै: विरामी वा घाइते कुकुर देखेमा हामीलाई सर्म्पक गर्नुहोस् । हामीमा स्रोत र साधनको कमी भएकोले केही समय लाग्न सक्छ तर नआत्तिनुहोस् तपाईं हाम्रो यो साझा अभियानले उनीहरूको जीवन सुन्दर बनाउन सहयोग पुऱ्याउने छ ।

**साङ्लो फुकाउ कुकुरलाई हिड्डुल गर्नबाट बञ्चित नगरौं**

**"उत्तरदायी पाल्तु मालिक हुनुहोस्, र आफ्नो पाल्तुको बन्ध्याकरण गर्नुहोस् ।"**

## जानकारी

एनिमल नेपाल तपाईंको सुरक्षाका साथै तपाईंसँगै वा नजिकमा रहेका सडक कुकुरहरुको सहयोगको लागि "स्वस्थ र खुशी रहुन्, मानव र कुकुरहरु" अभियानका साथ अगाडि बढिरहेको छ र हाम्रो कदममा तपाईंको कदम र साथ सदा-सर्वदा रहनेछ भन्ने हामीले आशा राखेका छौं । सहयोगका लागि तल उल्लेखित ठेगानामा सम्पर्क गर्नुहोला ।

**animalNEPAL.org**


**एनिमल नेपाल**
एकान्तकुना, ललितपुर, नेपाल
सम्पर्क : ५०००४४, ९८४१ ३३४५३७
इमेल: animalnepal@gmail.com
www.animalnepal.org


जथाभावी फोहर मैला फाल्नु भनेको बाहिरी कुकुरहरु भित्राउनु हो ।
त्यसैले फोहर-मैला सम्बन्धित ठाँउमा मात्र फालौं ।